**PRIME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

*Sharing Dreams Changing Lives*

*'A' class licensed financial institution from Nepal Rastra Bank*

# Unaudited Financial Results

## As on 2nd Quarter End (30.09.2067) of the Fiscal Year 2067/68

(Rs. In '000)

| S. No. | Particulars | This Quarter Ending on 30.09.2067 | Previous Quarter Ending on 31.06.2067 | Corresponding Previous Year Quarter Ending on 30.09.2066 |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.7)** | **21,155,281.11** | **21,002,363.43** | **18,616,448.26** |
| 1.1 | Paid up Capital* | 1,373,880.00 | 1,373,880.00 | 1,263,755.00 |
| 1.2 | Reserve and Surplus | 339,419.54 | 249,898.37 | 319,440.14 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 1,169,600.00 | 1,995,880.00 | 1,763,372.16 |
| 1.5 | Deposits (a+b) | 17,930,502.32 | 17,037,277.80 | 15,168,648.03 |
| | a. Domestic Currency | 17,315,300.21 | 16,492,038.16 | 14,320,666.36 |
| | b. Foreign Currency | 615,202.11 | 545,239.64 | 847,981.67 |
| 1.6 | Income Tax Liability | 74,865.88 | 36,531.78 | 66,488.50 |
| 1.7 | Other Liabilities | 267,013.37 | 308,895.48 | 34,744.43 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **21,155,281.11** | **21,002,363.43** | **18,616,448.26** |
| 2.1 | Cash and Bank Balance | 2,694,815.82 | 3,118,093.41 | 1,243,406.89 |
| 2.2 | Money at Call and Short Notice | 163,973.68 | - | 100,000.00 |
| 2.3 | Investments | 1,746,025.64 | 1,861,623.34 | 2,733,617.70 |
| 2.4 | Loans and Advances (a+b+c+d+e+f) (Net) | 16,128,681.14 | 15,628,016.14 | 14,244,666.52 |
| | a. Real Estate Loan | 4,413,297.58 | 4,464,072.49 | 5,528,622.66 |
| | 1. Residential Real Estate Loan | 1,101,869.58 | 1,129,530.77 | 1,008,823.74 |
| | 2. Business Complex and Residential Apartment Construction Loan | 673,231.62 | 622,148.57 | - 646,327.88 |
| | 3. Income Generating Commercial Complex Loan | 695,782.47 | 729,177.18 | 725,903.22 |
| | 4. Other Real Estate Loan (including Land Purchase and Plotting) | 1,942,413.91 | 1,983,215.97 | - 3,147,567.83 |
| | b. Margin Type Loan | 865,153.19 | 874,525.63 | 893,701.82 |
| | c. Term Loan | 2,154,360.89 | 2,293,110.00 | 1,106,577.00 |
| | d. Overdraft Loan/ TR Loan/ WC Loan | 5,114,143.95 | 5,160,461.05 | 3,144,543.35 |
| | e. Others | 3,581,725.54 | 2,835,847.31 | 3,571,221.69 |
| 2.5 | Fixed Assets | 153,499.98 | 157,421.64 | 113,529.36 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 268,284.85 | 237,208.90 | 181,227.79 |
| 3 | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 1,154,349.89 | 574,922.82 | 736,348.20 |
| 3.2 | Interest Expense | 850,356.00 | 422,148.36 | 485,672.37 |
| | **A. Net Interest Income (3.1 - 3.2)** | **303,993.89** | **152,774.46** | **250,675.83** |
| 3.3 | Fees, Commission and Discount | 27,959.08 | 6,942.09 | 13,274.37 |
| 3.4 | Other Operating Income | 47,739.49 | 25,453.68 | 73,594.09 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | 9,279.69 | 6,826.45 | 13,499.25 |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **388,972.16** | **191,996.68** | **351,043.54** |
| 3.6 | Staff Expenses | 34,807.08 | 18,134.75 | 23,107.35 |
| 3.7 | Other Operating Expenses | 58,362.05 | 26,508.23 | 38,689.52 |
| | **C. Operating Profit Before Provision (B -3.6 - 3.7)** | **295,803.02** | **147,353.70** | **289,246.67** |
| 3.8 | Provision for Possible Losses | 24,875.80 | 16,984.84 | 45,455.50 |
| | **D. Operating Profit (C -3.8)** | **270,927.22** | **130,368.86** | **243,791.17** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 3,581.00 | 3,581.00 | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit from Regular Activities (D+3.9+3.10)** | **274,508.22** | **133,949.86** | **243,791.17** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes (E +3.11)** | **274,508.22** | **133,949.86** | **243,791.17** |
| 3.12 | Provision for Staff Bonus | 24,955.29 | 12,177.26 | 22,162.83 |
| 3.13 | Provision for Tax | 74,865.88 | 36,531.78 | 66,488.50 |
| | **G. Net Profit/Loss (F - 3.12 - 3.13)** | **174,687.05** | **85,240.82** | **155,139.84** |
| 4 | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the end of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 11.06% | 10.44% | 11.25% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.26% | 0.19% | Nil |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 433.71% | 576.60% | Nil |
| 4.4 | Cost of Funds | 9.57% | 9.68% | 7.08% |
| 4.5 | Credit to Deposit Ratio (As per NRB Directive) | 85.71% | 87.22% | 91.04% |
| | **Additional Information** | | | |
| A | Average Yield | 13.28% | 13.46% | 10.53% |
| B | Net Interest Spread | 3.15% | 3.23% | 2.54% |
| C | Return on Equity | 21.49% | 21.57% | 24.70% |
| D | Return on Assets | 1.69% | 1.65% | 2.07% |

* Paid up capital includes Calls in Advances.

Note: 1. Figures are regrouped/ rearranged wherever necessary.
2. The above figures are subject to change upon otherwise instructions from statutory auditor and regulatory authorities.


**BRANCHES:**

• New Road 4233388 • Pokhara 061-531968 • Bharatpur 056-533240/41 • Dharan 025-533049/50 • Patan 5004037/38 • Balaju 4354181 • Sindhuli 047-520632 • Jorpati 4913388/89 • Ason 4222678 • Manakamana 064-460203/04 • Kawasoti 078-540996/97 • Itahari 025-587310/11 • Jiri 99-3491043 • Gatthaghar 6635112/51 • Sorhakhutte 4388834/35 • Old Baneshwor 4475245/46 • Panauti 011-441204/05 • Kalimati 4283502/35 • Bagbazar 4252260/29 • Koteshwor 4601166/67 • Mangalbazar 5553915/16 • Biratnagar 021-440962/63 • New Baneshwor 4490480 • Bhairahawa 071-521081/82

**SWIFT: PCBLNPKA**

**Website: www.primebank.com.np**

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

*Sharing Dreams Changing Lives*

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची -१४**
**(नियम २२ को उपनियम (२) सँग सम्बन्धित )**
**आ.व. २०६७/६८ को**
**दोश्रो त्रैमासिक प्रतिवेदन**

### १. वित्तीय विवरण

(क) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरू

- प्रति शेयर आम्दानी रू. २८.८७ (वार्षिक)
- मुल्य आम्दानी अनुपात : ९.११
- प्रतिशेयर नेटवर्थ रू.१२८.०५
- प्रति शेयर कुल सम्पत्तीको मुल्य रू. १,७४८.३७
- तरलता अनुपात :२१.३७%

### २. व्यवस्थापकीय विश्लेषण

(क) बित्तीय प्रणालीमा तरलताको सन्तोषजनक सुधार नभएको अबस्थामा बैंकले समयानुकूल एवंदूरदर्शी रणनीति तथा कार्ययोजना बनाई निक्षेपका बिभिन्न उपकरणहरू परिचालन गरेकोले समग्र बित्तीय क्षेत्रमा निक्षेपमा संकुचन आएतापनि बैंकमा गत त्रैमासको तुलनामा करिब १ अर्बले निक्षेपमा बृद्धि भएको छ । उपलब्ध श्रोतलाई नाफामूलक, अल्पकालीन एवं मध्यकालीन प्रकृतिको क्षेत्रहरूमा लगानी गरीएको कारणले कर्जामा दोश्रो त्रैमासिक अबधिमा रू.५० करोड लगानी बढेको भएतापनि कर्जा तथा निक्षेपको अनुपात ८५.७१ प्रतिशतमा कायम भई बैंकको तरलता सुविधा जनक अवस्थामा रहेको छ ।

(ख) बैंकको शाखा संजाल विस्तार गरी बैंकिङ्ग सेवा बिस्तार गर्ने नीति अन्तर्गत समिक्षा अवधि भित्र तेईस वटा शाखाहरू एवं एउटा बिस्तारित एक्सटेन्सन काउन्टर मार्फत आफ्नो बैंकिङ्ग सेवाहरू प्रभाबकारी रूपमा ग्राहकहरूमाझ पस्कीरहेको छ। स्थानिय तवरमा संकलन गरिएको निक्षेप सकभर सोही क्षेत्रमा लगानी गर्ने हेतुले साना घरेलु उद्योग, शीपमूलक व्यवसाय, कृषि, स्थानिय व्यापारका बिबिध क्षेत्रहरूमा लगानी गरिएको छ । बैंकले आगामी दिनहरूमा उपलब्ध बित्तीय श्रोतलाई संभावनायुक्त औद्योगिक एंव व्यापारिक क्षेत्रमा आवश्यकता अनुसार लगानी गर्ने छ भने, पर्यटन, कृषि, पशुपालन, हस्तकला, जलविद्युत, होटल एवं निर्यात मूलक उद्योग लगायतका क्षेत्रहरूमा समेत प्राथमिकताका साथ लगानी गर्ने तयारी गरिरहेको छ ।

(ग) बैंकले प्रक्षेपण गरेको यस बर्षको बित्तीय बिबरण बमोजिम हालसम्मको नतिजा पूर्णरूपले सफल भएको यसका बित्तीय सूचकांकहरूले प्रमाणित गरिदिएको छ । यस अवधिमा प्राप्त परिणाम बैंकको लागि सन्तोषजनक एवं उत्साहवुर्द्धक नै रहेको छ ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) यस त्रैमासिक अवधिमा बैंकले कसैको विरूद्धमा कुनै मुद्दा दायर नगरेको अवस्था छ भने, बैंक बिरूद्ध २ वटा मुद्दा दायर गरिएको अवस्था छ ।

(ख) हालसम्म बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) हालसम्म कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयर कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरूप हुने गरेको ।

(ख) यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य कारोवार भएको कूल दिन तथा कारोवार संख्या ।

- अधिकतम् मूल्य रू. ५५०
- न्यूनतम मूल्य रू. २६०
- अन्तिम मूल्य रू. २६३
- कारोवार दिन ५३
- कारोवार संख्या १,१५,७१५

### ५. समस्या तथा चुनौतीहरू

आन्तरिक समस्या र चुनौती

१. निक्षेपहरूको ब्याजदरमा सुधार नहुनु ।
२. उपलब्ध श्रोतहरूको लगानीमा संकुचन आउनु ।

**बाह्य समस्या र चुनौती**

१. वित्तीय बजारमा तरलताको स्थागी एवं दीगोपना नआउनु ।
२. बैंकिङ्ग क्षेत्रमा बढ्दो प्रतिस्पर्धा ।
३. अस्थीर राजनैतिक वातावरण ।
४. आयात बढ्ने क्रममा सुधार नहुनु, निर्यातमूलक गतिबिधिमा सुधार नआउनु एंव रेमिटान्सको बृद्धिदर घट्नु ।

**<u>रणनीति</u>**

बैंकको निक्षेप लागतमा (Cost of Fund) मा क्रमिकरूपले बृद्धि भैरहेकोले कम लागतका निक्षेप परिचालन गर्न शाखाहरू बिस्तारको साथै बैकिंङ्ग क्षेत्रभन्दा बाहिरका जनताहरूलाई बैकिङ्ग प्रणालीमा समेट्दै संख्यात्मक एवं गुणात्मक बृद्धिमा बिशेष जोड दिने नीतिलाई कायमै गरिएको छ । बैंकले आफ्नो व्यवसाय बिस्तारको लागि आवश्यक दक्ष जनशक्तिको लागि पारदर्शी ढंगबाट कर्मचारी छनौट, नियुक्ति एवं समयानुकुल तालिम प्रदान गर्दै जाने नीतिलाई निरन्तरता दिईएको छ ।

यसै बर्ष देखि बैंकले मध्यपूर्ब तथा खाडी राष्ट्रहरूमा बैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाउने बिप्रेषणलाई यस बैंक मार्फत भित्र्याउन तहाँस्थित बित्तीय संस्थाहरूसंग द्विपक्षीय सम्पर्क एवं समन्वय भैरहेको र सो सम्बन्धी चाँडै संम्झौता गरी बिप्रेषणलाई उच्च प्राथमिकताका साथ सेवा संचालन गरिने छ । अन्य बैंक तथा बित्तीय संस्थाहरूको न्यून उपस्थिति रहेका कृषि, पर्यटन, उद्योग, होटल, पशुपालन लगायत आयात प्रतिस्थापन गर्ने उद्योग एवं निर्यात जन्य उद्योग व्यवसायमा प्राथमिकताका साथ लगानी गर्ने नीतिलाई निरन्तरता दिइने छ । सम्पत्ती तथा दायित्व व्यवस्थापनमा बैंकले उच्च प्राथमिकता दिई ट्रेजरी बिल, सरकारी ऋणपत्रहरू लगायत अन्तर बैंक लगानीमा बैज्ञानिक, समयानुकूल, बिश्लेषणात्मक तथा सन्तुलित नीति बनाइ बैंकको सम्पत्ति व्यवस्थापनलाई सुदृढ बनाईएको छ ।

### ६. संस्थागत सुशासन

बैकिङ्ग व्यवसायले सर्वसाधारण जनताको निक्षेप संकलन गरी आफ्नो व्यवसाय संचालन गर्ने भएकोले संस्थागत सुशासनलाई उच्च प्राथमिकता दिंदै कडाईका साथ लागु गर्दै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरू एवं बैंकको संचालक समितिबाट पारित नीति, नियमहरूलाई यस बैंकले पूर्ण रूपमा पालना गर्दै आएको छ । बैंकमा स्थापित आन्तरिक लेखापरीक्षण समितिको भूमिका प्रभावकारी बनाउन समय समयमा बैठक बसी आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवं बैंकमा स्थापित आन्तरिक नियन्त्रण प्रणालीको समय सापेक्ष पुनरावलोकन गर्ने गरिएको छ ।

### ७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित गराउन तत् सम्बन्धमा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।